सिम्रौनगढ नगरपालिका द्वारा प्रकाशित

# सिम्रौनगढ राजपत्र

खण्ड : ५ संख्या : १ मिति : २०८०/०७/१३

भाग : २

सिम्रौनगढ नगरपालिका,बारा,मधेश,प्रदेश,नेपाल

## सिम्रौनगढ स्थानीयतह कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड-२०८०

प्रमाणिकरण मिति : २०८०/०७/१२

**प्रस्तावनाः**

साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हाल सम्म स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरूको सामयोजन मिलान,सम्मानित सर्बोच्च अंदालतको आदेश कार्यन्वयन र बृति विकासका विषयहरूमा देखिएका अस्पषटता,जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन समान न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ बमोजिम सिम्रौनगढ नगर सभाले यो मापदणड जारी गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो मापदण्डको नामः- सिम्रौनगढ स्थानीय तह कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड "२०८०" रहेको छ ।

(२) यो मापदण्ड तुरन्त प्रारम्भ हुने छ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदणडमा,

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय(जिल्ला विकास समिति,नगरपालिका तथा गाँउ विकास समित)मा नियुक्ति भई यो आदेश जारी हुँदाका वखत सम्म यस सिम्रौनगढ नगरपालिकामा बहाल,कामकाजमा रहेका स्थानीय सेवाका कर्मचारी सम्झनु पर्दछ ।

(ख) स्थानीय तह भन्नालेः सिम्रौनगढ नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) नगर सभा भन्नालेः सिम्रौनगढको नगर सभा सम्झनु पर्दछ ।

(घ) स्थानीय तह मापदण्ड भन्नालेः- सिम्रौनगढ स्थानिय तह मापदण्ड सम्झनु पर्दछ ।

(ङ) समिति भन्नालेः दफा ४को उप दफा (१) पद पुर्ति समिति सम्झनु पर्द छ ।

(च) "अवछिन्न रुपमा कार्यरत कर्मचारी भन्नाले" साविकको स्थानीय निकायमा( स्थानिय विकास कोष समेत) २०६४ साल आश्विन मसान्त सम्ममा स्विकृत दरबन्दीमा अस्थायी,करार नियुक्ति भई अवछिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(छ) "करार सेवा नियमित भन्नाले" दफा २को(च) बमोजिमको नियुक्ति भएका कर्मचारीहरू मध्ये बाट नगर सभाको स्विकृत रिक्त रहेको दरवन्दिमा पद नाम. ,तह कायम भई आन्तरिक प्रकृया बाट पद पुर्ती भई करार सेवामा नियुक्ती भएका कर्मचारीहरूको हालको सेवा समुह,तहमा नै बर्षे पिच्छे करार म्याद थप नगरी दफा ४ उप दफा (१) बमोजिम को प्रकृया पुरा नभए सम्मका लागी सेवामा नियमित रहने सम्झनु पर्दछ ।

(ज) "सेवा अवधी गणना भन्नाले" दफा २को(च) बमोजिम नियुक्ति भई सोही दफाको (छ) बमोजिम कार्यरत रहेका कर्मचरीहरूको सेवा अवधी १००% गणना गणना हुने सम्झनु पर्दछ ।

## परिच्छेद-२

### समायोजन मिलान सम्बन्धी व्यवस्था

३.कर्मचारी समायोजन तह मिलानः-(१) स्थानिय सरकार संचालन ऐन २०७४ जारी हुनु भन्दा अगाडी स्थानीय निकायको स्विकृत दरबन्दिमा स्थायी नियुक्ती भएका कर्मचारीको समायोजन अध्यादेश २०७५(संघीय सरकारले जारी गरेको) बमोजिमको कर्मचारी समायोजनको लागी सुचना प्रकाशित भएको मिति २०७५|०९|११ देखी ज्येष्ठता गणना हुने गरी एक पटककालागी मात्र देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड(तलब बृद्धि)वृद्धि हुनेछ।

| हालको तह र सेवा अवधि | समायोजन गरिने तह | थप हुने ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| श्रेणी विहीन सबै | श्रेणी विहिन | २ ग्रेड थप | .............. |
| सहायक स्तर तृतिय तह | सहायक स्तर चौथो | ............... | ............... |
| सहायक स्तर चतुर्थ तह | सहायक स्तर पाँचौ तह | .................... | प्रवेशिका वा सो सरह उतीर्ण गरेको |
| सहायक स्तर पाँचौ तह | अधिकृत स्तर छैठो तह | .............. | प्रवीणता प्रमाण पत्र वा सो सरह उतीर्ण गरेको |
| अधिकृत स्तर छैठो तह | अधिकृत स्तर सातौ तह | ............. | सम्बन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको |
| अधिकृत स्तर सातौ तह | अधिकृत स्तर आठौ तह | ............ | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको |
| अधिकृत स्तर आठौ तह | अधिकृत स्तर नवौ तह | ........... | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको |

(२) स्थानीय सरकार संचालन ऐन २०७४ जारी हुनु भन्दा अगाडी तथा दफा२ को (च) बमोजिम नियुक्ति भई यो मापदण्ड जारी भए बखत सम्म स्थानीय सेवामा कार्यरत रहेका

करार,करार नियमित,अस्थायी कर्मचारीहरुको वृति विकास तथा निजहरुको सेवालाई दृष्टिगत गरी साबिकको नियुक्तिदेखी जेष्ठता गणना गरी एक पटकका लागी मात्र देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड(तलब वृद्धि)वृद्धि हुने छ ।

| साबिकको तह | सेवा अवधि | थप हुने ग्रेड | समायोजन गरिने तह | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| श्रेणी बिहिन सबै | १० | थप २ ग्रेड | श्रेणी बिहिन | ...... |
| कार्यालय सहायक | १० बर्ष | ......... | सहायक स्तर चौथो | प्रवेशिका वा सो सरह उतीर्ण गरेको |
| सहायक स्तर चौथो तह | १० बर्ष | .......... | सहायक स्तर पाँचौ | प्रवीणता प्रमाण पत्र वा सो सरह उतीर्ण गरेको |
| सहायक स्तर चौथो तह | १५ बर्ष | ......... | अधिकृत स्तर छैठो तह | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको |
| सहायक स्तर पाँचौ तह | १५ बर्ष | .......... | अधिकृत स्तर छैठो तह | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको |
| सहायक स्तर पाँचौ तह | २० बर्ष | ........... | अधिकृत स्तर सातौ तह | सम्वन्धित विषयमा स्नातकोतर वा सो सरह उतीर्ण गरेको |

(३) कर्मचारी समायोजन ऐन २०७५ जारी भएपछि तथा यो मापदणड जारी हुनअगाडी सिम्रौनगढ नगरपालिकाले यस अघि गरेको तह मिलान,समायोजन तथा ग्रेड बृधि सम्वन्धी निर्णय भएको भए उपदफा(१ र २) बमोजिम नै समायोजन मिलान भएको मान्यहुनेछ ।

४.अदालतको आदेश कार्यन्वयन:(१) सम्मानित सर्वोच्च अदालतको आदेश बमोजीम हुने विशेष प्रतियोगीता र बढुवा सम्वन्धी काम सम्पन्न प्रयोजनका लागी यस सिम्रौनगढ नगरपालिकामा देहाय बमोजिमको पदपुर्ति समिति रहने र यस समितिले साविकको स्थानीय स्वायत शासन नियमावली,२०५५ले तोकेको कार्यविधी तथा यस सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारले जारि गरेको कार्यविधि ,मापदण्ड वा सो सम्वन्धमा भएको प्रचलित कानुन वमोजिम विशेष प्रतियोगिता र बढुवा सम्वन्धी बाँकी कार्य सम्पन्न नहुनजेल्ल सम्म कायम रहनेछ ।

पदपुर्ती समितिः

१.नगरपालिकाको प्रमुख प्रशासकिय अधीकृत - अध्यक्ष

२. नगर कार्यपालिकाको कार्यालयले तोकेको जिल्ला भित्रको अन्य सरकारी कार्यालय वा स्थानीय तहको-अधिकृत स्तरको कर्मचारी प्रतिनिधि एक जना -सदस्य

३. नगरपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) दफा २को (च,छ) बमोजिम बिभिन्न प्रक्रियाबाट नियुक्ति भएका तथा गत विगतका नगर सभाले सेवा अवधि गणना गरी आन्तरीकिकरण समेत गरिएका करार ,अस्थायी सेवाका कर्मचारीहरूको दफा ४को उप दफा १बमोजिमका कार्य सम्पन्न पश्चात वा कार्य सम्पन्न अगावै उमेरको हदले अनिवार्य सेवा अवकास भएमा तथा स्वेच्छिक अवकास लिएमा खाली हात घर जानु नपर्ने सम्मानीत सर्वोच्च अदालत बाट भएको निर्देशनात्मक आदेश र मन्त्रिपरिषदको निर्णय समेतलाई दृष्टिगत गरी निजहरूको साविककै सेवा देखिको सेवा अवधि गणना गरी साबिकका स्थानिय निकाय बाट स्थायी नियुक्ति पाएका कर्मचारी सरहको सेवा सुविधा दान उपदान ,औषधि उपचार, संचित घर बिदा ,बिरामि बिदा समेत सम्पुर्ण सुविधा नगरपालिका बाट उपलब्ध गराईने छ ।

५.पदस्थापन गरिनेः(१) दफा ३को उपदफा (१) र(२) बमोजिम समायोजन तह मिलान भएका सिम्रौनगढ नगरपालिका अन्तर्गत रहेका स्थानिय सेवाका कर्मचारीलाई समायोजन पश्चातको नगरपालिकाको स्विकृत संगठन संरचना र दरबन्दि बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकिय अधिकृत बाट पदस्थापन गरिने छ ।

६.खारेजी र बचाउः

(१.)यो मापदणड प्रारम्भ हुनु अघि साविक जिल्ला विकास समिति(स्थानिय विकास कोष समेत)नगरपालिका,गाउँ विकास समिति बाट नियुक्ति भइ यस सिम्रौनगढ नगरपालिकामा कामकाज गरिरहेका स्थायी,करार,अस्थायी कर्मचारीहरू यसै मापदण्ड बमोजिम भएगरेको मानिनेछ ।

(२.)यो मापदण्ड प्रारम्भहुन अघि साविकको गाविस बाट कार्यालय सहायकमा अस्थायि नियुक्ति भएका कर्मचारीहरू लाई सहायक चौथो तह (प्रशासन सेवा समुह)मा समायोजन गरिएको र साविक जिल्ला विकास समिति(स्थानिय विकास कोष)बाट बिभिन्न पदनाम भई करार सेवा मा नियुक्ति भई साबिककै जिल्ला विकास समित द्वारा सहायक स्तर पाँचौ तहमा अन्तरिकिकरण भई हाल सिम्रौनगढ नगरपालिकामा बिभिन्न पदनाममा अधिकृत सातौ तह करार सेवा

नियमितमा अव्छिन्न रुपमा कामकाज गरिरहेका तथा गत विगतका नगर सभाले आन्तिकिकरण गरी साविकका सेवा अवधि समेत गणना गरिसकेका कर्चारीलाई अधिकृत सातौ तह(प्रशासन सेवा समुह)मा समायोजन गरिएको मानिने छ ।

(३.)स्थानिय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेखीत कानुनी व्यवस्था सँग यो मापदणडको व्यवस्था बाझिएमा बाझिएको हदसम्म निस्कृय हुने छ ।

आज्ञाले
नाम : भोजेन्द्र कुमार चौधरी
पद : नि. प्रमुख प्रशासकिय अधिकृत
मिति :२०८०/०७/१३

पृष्ठ संख्या : ६